नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# स्वत:प्रकाशन गर्नुपर्ने विवरणहरु

## (Proactive Disclours)

२०८० माघ १ देखि ०८० चैत्र मसान्त सम्म



# स्वत:प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclours) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुद्धारा आ.व.२०८०/०८१ को तेश्रो त्रैमासिक (२०८० माघ, फाल्गुण र चैत्र महिनामा) सम्पादित कामको मूख्य मूख्य विवरण प्रस्तुत गरिएको छ ।

## विषयसूची

१. जि.स.स.को स्वरुप र प्रकृति
२. जि.स.स.को काम कर्तव्य र अधिकार
३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण
४. जि.स.स. बाट प्रदान गरिने सेवा
५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन नियम विनियम वा निर्देशिकाको सूची
१२. आम्दनी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्‌यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु
१५. जि.स.स.को वेभसाइट
१६. जि.स.स.ले प्राप्त गरको बैदेशिक सहायता ऋण अनुदान एवम प्राविधिक सहयोग र सम्भौता सम्बन्धी विवरण
१७. जि.स.स.ले संञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन
१८. जि.स.स.ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि
१९. जि.स.स. मा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण
२०. जि.स.स.का सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण आ.व. २०८०/०८१ को तेश्रो त्रैमासिक (२०८० माघ, फाल्गुण, चैत्र) महिनामा

## १. जि.स.स.को स्वरुप र प्रकृति

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गांउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख एक जना उपप्रमुख कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फवाट गर्ने सम्पुर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । कपिलवस्तु जिल्ला समन्वय समितिमा प्रमुख उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ । कपिलवस्तु जिल्ला समन्वय समितिको बैठक मासिक र आवश्यकता अनुसार बस्ने गरेको छ । केन्द्र सरकारवाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी ( रा.प.द्वि श्रेणी ) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन । नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

## २. जि.स.स.को काम कर्तव्य र अधिकार

देहाय बमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन्

क. <u>नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु</u>

. जिल्ला भित्रका गांउपालिका र नगरपालिका बीच समन्वय गर्ने

. विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन को कार्य गर्ने

. जिल्लामा रहने संघीय र प्रदेश कार्यालय तथा गांउपालिका र नगरपालिकावीच समन्वय गर्न

. प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने

ख. <u>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिमका कार्यहरु</u>

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ मा जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ ।



भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

. जिल्लाभित्र गांउपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने

. जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्ने आवश्यक सुझाव वा मागर्दशन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।

. जिल्लाभित्र गांउपालिका तथा  नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घ संग समन्वय गर्ने

. जिल्लामा रहने संघीय र प्रदेश कार्यालय तथा गांउपालिका र नगरपालिकावीच समन्वय गर्न

. जिल्लाभित्र गांउपालिका वा नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने

. जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने

. जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।

. जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्यन अनुसन्धान तथा अनुगमन गरी निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय स्थानीयतह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धित गांउपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

. आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी बिषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक बर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।

. जिल्ला भित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि बर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लावाट संघीय सांसद र प्रदेश सभाका प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

- नेपाल सरकार वा प्रदेश सरकाचरले तोकेका अन्य कार्य गर्ने ।

२ जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

## ३. जि.स.स पदाधिकारी / कर्मचारी दरवन्दी / कर्मचारी सख्या र कार्य बिवरण

क जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरण

| सि.न. | पदाधिकारीको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बाबुराम आचार्य | प्रमुख | ९८५७०५०८०२ | |
| २ | श्री रमेश कुर्मी | उप प्रमुख | ९८२१४६५१२१ | |
| ३ | श्री राजेन्द्र प्रसाद कुर्मी | सदस्य | ९८०७४१११४७ | ०८०।०४।१० मा मृत्यु |
| ४ | श्री सुनिता चमार | सदस्य | ९८२१५९०२७० | |
| ५ | श्री रामु अहिर | सदस्य | ९८२१५७१५९० | |
| ६ | श्री सध्या पौडेल खान | सदस्य | ९८१७४२००४२ | |
| ७ | श्री सुमित्रा दमई | सदस्य | ९८४७४२७३९६ | |
| ८ | श्री शकुन्तला भण्डारी | सदस्य | ९८६७१३६२३७ | |
| ९ | श्री मनब्वर धुनिया | सदस्य | ९८०४४६४८७७ | |

### ख* दरवन्दी विवरण

| सि.न. | पद | श्रेणी | दरवन्दी अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरवन्दी | पूर्ति | रीक्त | |
| १ | जिल्ला समन्वय अधिकारी | रा*प*द्धितिय | १ | १ | | |
| २ | शाखा अधिकृत | रा*प*तृतिय | १ | ० | १ | रीक्त |
| ३ | इन्जिनियर | रा*प*तृतिय | १ | ० | १ | करार पूर्ति |
| ४ | ना*सु | रा*प*अन प्रथम | १ | १ | | |
| ५ | लेखापाल | रा*प*अन प्रथम | १ | १ | | |
| ६ | सव- इन्जिनियर | रा*प*अन प्रथम | १ | १ | | |
| ७ | खरिदार | रा*प*अन द्धितिय | १ | | १ | रीक्त |
| ८ | कार्यालय सहयेगी | श्रेणी बिहिन | ३ | २ | १ | करार पूर्ति |
| ९ | ह*स*चा | श्रेणी बिहिन | ३ | ० | ३ | करार पूर्ति |

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कपिलवस्तु

ग॰ जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरण

| सि.न. | पदाधिकारीको नाम | पद/श्रेणी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री भूमिराम पोखरेल | जिल्ला समन्वय अधिकारी | ९८५७०७८२२२ |
| २ | | शाखा अधिकृत | रीक्त |
| ३ | श्री जटाशंकर पाण्डेय | लेखापाल | ९८६९४५०००५ |
| ४ | श्री जयराम चौधरी | सव ईन्जिनियर | ९८४८५१३१४५ |
| ५ | श्री छवि किरण शर्मा | ना.सु | ९८६६८५४८७५ |
| ६ | | खरीदार | रीक्त |
| ७ | श्री खुमानन्द खनाल | का.स. | ९८४७२८८०६३ |
| ८ | श्री मोहनलाल आचार्य | का.स. | ९८४७२०४५४९ |

घ॰ जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.न. | पदाधिकारीको नाम | पद/श्रेणी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री राजेश कुमार गुप्ता | ईन्जिनियर | ९८४७५९९९१५ |
| २ | श्री रिखिराम घिमिरे | ह.स.चा. | ९८६७१७७३७९ |
| ३ | श्री हरीनारायण यादन | ह.स.चा. | ९८६७३२५१९६ |
| ४ | श्री दिपक डफाली | का.स. | ९८२७५९७११७ |

## ४. जिल्ला समन्वय समितिवाट प्रदान गरिने सेवाहरु

नेपालको संविधान स्थानीय सरकार संञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानून बमोजिमका सबै सेवाहरु ।

**क ॰ समन्वय र सहकार्य**

- सघिय एव प्रदेश सरकारको पत्र / परीपत्र अनुसार बिभिन्न निकायको बैठकका लागि सहजीकरणका साथै सघ / प्रदेशबाट माग भएको बिवरंण पठाउन पालिकामा अनुरोध तथा समन्वय ।
- जिल्ला स्थित सरकारी कार्यालय एवम पालिकाहरु बिच समन्वय बैठक
- पालिकाहरुबाट लगाइने नदीजन्य पदार्थ ठेक्का सम्बन्धमा समन्वय ।
- पालिकाको माग बमोजिमम बिभिन्न निकायमा सिफारिस ।
- सस्थाको अनुरोध बमोजिम बिभिन्न निकायहरुको बैठकका लागि सहजीकरण तथा सहभागिता ।
- जिल्ला स्थित कार्यालय एव पालिकाहरुके बार्षिक कार्यक्रमको प्रगति एव समिक्षा बैठक

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

- जिल्ला समन्वय समिति मौज्दात कोष तर्फ जि.स.स तथा पालिकाको लागत साझेदारीका योजना स्वीकृत ।
- जिल्ला सभा ।

**ख* अनुगमन**

- पालिकाहरुबाट लगाइएको नदीजन्य पदार्थ ठेक्काको अनुगमन गरी अनियमित सकलन ओसारपसार भएको पाइएमा कानुन बमोजिम कारवाहीका लागि जिल्ला अनुगमन सिमतिमा पेश गर्ने / अनियमित ओसारपसार मागरीरहेको अवस्थामा नियन्त्रणमा लिइ कारवाहीका लागि जिल्ला अनुगमन समितिको निर्णयानुसार सबन्धित पालिकामा पठाउने कार्य ।
- सस्थाको अनुरोध बमोजिम बिभिन्न निकायहरुको बैठकका लागि सहजीकरण / तथा सस्थाको कृर्याकलापको अनुगमन ।
- जिल्ला समन्वय समिति मौज्दात कोष अन्तरगतका योजना अनुगमन ।

## ५ . जिल्ला समन्वय समितिको शाखा र जिम्मेवार अधिकारी

| सि.न. | शाखाको नाम | | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अनुगमन मुल्याङ्कन तथा सूचना शाखा | | श्री राजेश कुमार गुप्त | ९८४७५९९९१५ |
| २ | ब्यवस्थापन शाखा | लेखा | श्री जटाशंकर पाण्डेय | ९८६९४५०००५ |
| | | प्रशासन | श्री छवि किरण शर्मा | ९८६६८५४८७५ |
| | | जिन्सी | | |

## ६. सेवा प्रदान गर्ने लाग्ने दस्तुर र अवधि

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सबै सेवा निशुल्क प्रदान हुने
- सेवा यथासिघ्र / तत्कालै उपलब्ध हुने ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकार

* शाखासंग सम्बन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।

* शाखा प्रमुबाट हुन नसकेका निर्णय र कार्यालय प्रमुखबाटै निर्णय हुने भनी तोकिएका बिषयमा कार्यालय प्रमुखबाट निर्णय हुने ।

* नीतिगत बिषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

* कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी - जिल्ला समन्वय अधिकारी
* जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजुरी - जि.स.स. प्रमुख

## ९. सम्पादन गरेका कामको विवरण ( मिति २०८० माघ फाल्गुण चैत्र महिनाको तेश्रो त्रैमासिक विवरण )

- जिल्ला समन्वय समितिले जिल्ला भित्र सचालित विकास निर्माणका कृयाकलापको अनुगमन गर्ने क्रममा जिल्ला समन्वय समिति मौज्दात कोष तर्फ सञ्चालित योजनाको अनुगमन गरीएको ।
- नदिजन्य पदार्थको उत्खनन् संकलन बिक्रीबितरण प्रकृयाको जिल्ला अनुगमन समितिको बैठक मा सम्पन गरीएको ।
- जिल्ला स्तरमा सरसफाई सम्बन्धी समिक्षा बैठक गरीएको ।
- बालमैत्री स्थानिय शासनको नितिगत प्रकृयागत कार्य कार्यान्वयनका लागि अबलम्बन तथा घोषणा सम्बन्धी जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरीएको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

. कार्यालय प्रमूख : जिल्ला समन्वय अधिकारी श्री भूमि राम पोखरेल

. सूचना अधिकारी : इन्जिनियर श्री राजेश कुमार गुप्त

## ११.ऐन नियम विनियम वा निर्देशिकाको सूची

. नेपालको संविधान

. स्थानीय सरकार संञ्चालन ऐन २०७४

. सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४

. आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७

. गांउ/नगरसभा कार्य संचालन कार्यविधि २०७६ लुम्विनी प्रदेश

. जिल्ला सभा तथा जि.स.स. सम्बन्धमा व्यवस्था गर्न बनेको एन २०७६ लुम्विनी प्रदेश

. वातावरण संरक्षण ऐन २०७६ नियमावली ०७७ संघीय सरकार

. वातावरण संरक्षण ऐन २०७७ नियमावली २०७७ लुम्विनी प्रदेश

. स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७७ नेपाल सरकार

. ढुंगागिट्टी बालुवा उत्खनन बिक्रीतथा व्यवस्थापन सम्बन्धी मापदण्ड ०७७ नेपाल सरकार

. नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ लुम्विनी प्रदेश

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

. संघ प्रदेश र स्थानीय तह वीच अन्तरसम्वन्ध सम्बन्धी ऐन २०७७

## १२. आम्दनी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण आ.व ०८०/०८१

| सि.न. | विवरण/ब उ शि नं. | प्राप्त रकम | चैत्र सम्म खर्च भएको रकम | वांकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | १५०१६०००.०० | ९७४२६५८।२० | ५२७३३४१।८० | |
| २ | ३६५००१०६३ | ६००००.०० | ००.०० | ६००००.०० | |

**कार्य संचालन कोष तथा धरौटी तर्फ**

| सि.न. | विवरण/ब उ शि नं. | गत आ वको वांकी रकम | यसवर्ष प्राप्त रकम | असोज सम्म खर्च भएको रकम | वांकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मौजदात कोष ,भारतीय दुतावास तर्फ र अन्य विभिन्न कोष तर्फ | २०६३१९७०१।१९ | ००.०० | ५४७७४४७।६५ | २००८४२२५३।५४ | |
| २ | जि.स.स को धरौटी | ९४७१३०१.०० | ००.०० | ९५९५१।- | ९३७५३५०।- | |

**प्रदेश तर्फ (कार्य संचालन कोष समेत)**

| सि.न. | विवरण/ब उ शि नं. | गत आ व को वांकी रकम | यसवर्ष प्राप्त रकम | आषाढसम्म खर्च भएको रकम | वांकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३०१०००११३ | ००.०० | ००.०० | ००.०० | ००.०० | |
| २ | विविध (अनुगमन) | १७५१००.०० | ००.०० | ००.०० | १७५१००।०० | |
| ३ | मुख्यमन्त्रि शै.सु.कार्यक्रम | ००.०० | ००.०० | ००.०० | ००.०० | |

१३. तोकिए बमोजिम अन्य विवरण

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

. संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।

. जिल्ला दररेट निर्धारण समित, रजिष्टेशनका लागि न्युनतम मुल्य निर्धारण समिति, भूमि सम्बन्धी समाधान आयोग जिल्ला समिति, विपद व्यवस्थापन समिति, जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिए बमोजिम जि.स.स.को प्रतिनिधित्व गर्ने गरेको ।

## १४.अघिल्लो आ.व.मा जिल्ला समन्वय समितिले गरेको कार्यक्रम वा संञ्चालन गरेका आयोजनाको विवरण

| सि.न. | कार्यक्रमको नाम | विवरण |
|---|---|---|
| १ | वार्षिक समिक्षा कार्यक्रम | मिति २०७९।०५।२८ गतेमा जि.स.स.वाट आयोजित वार्षिक समिक्षा कार्यक्रमा जिल्ला वाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेश संसद , स्थानीयतहका प्रमुख / अध्यक्ष / उपप्रमुख / उपाध्यक्ष / प्रमुख प्राशासकिय अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय सरकारी कार्यलय तथा गैर सरकारी संघ संस्थाहरुको उपस्थितिमा स्थानीयतह, सरकारी कार्यालयहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन गरीएको । |
| २ | जिल्ला सभा कार्यक्रम | जि.स.स. कपिलवस्तुको पाँचौ जिल्ला सभा मिति २०७९।०९।१४ मा सम्पन गरीएको |
| ३ | जि.स.स मौज्दात कोष तर्फका योजना स्वीकृत | जि.स.स.र पालिकाको लागत साझेदारीमा पालिका बाट सिफारीस भएका योजना सवीकृत गरीएको । |
| ४ - | शिवभारी मा.बि. म हाराजगंज न.पा. वडा न ९ को भवन निर्माण | भारतीय दुतावासको आर्थिक सहयोगमा निर्माणाधिन शिवभारी मा.बि. महाराजगंज न.पा. वडा न ९ को भवन निर्माण कार्य सम्पन्न । |
| ५ | बिध्यालय भवन उदघाटन तथा हस्तान्तरण मिति (०८०।०३।२३ र ०८०।०३।२४) | भारतिय दुताबासको सहयोगमा ०७९।०८० मा निर्माण सम्पन्न शिवभारी माबि तथा बिगतमा निर्माण भई उदघाटन हस्तान्तरण हुन बाकी रहेका जानकी मा.बि. महराजगज, श्री मा.बि ईमलियाको भवन हस्तान्तरण तथा उदघाटन गरीएको । |

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

१५.जिल्ला समन्वय समितिको वेभसाईट/ सम्पर्क नं.

www.ddckapilvastu.gov.np
email id: dcckpl7@gmail.com
076-560072

१६.जिल्ला समन्वय समितिले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवं सहयोग र सम्झौता सम्बन्धी विवरण

. भारतीय दुतावास वाट महाराजगंज न पा श्री शिवभारी मा.वि. बिघालय भवन निर्माणको लागि नगद अनुदान कुल प्राप्त रकम रु.९३,४३,८५०.००

१७. जिल्ला समन्वय समितिले संञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

- भारतिय दुतावासको अर्थिक सहयोग तथा जिल्ला समन्वय समितिको प्राविधिक सहयोगमा शिवभारी माध्यमिक विद्वालय महाराजगज नपा ९ शिवभारीको विध्यालय भवन निर्माण सम्पन भइ मिति ०७९।०३।२३ मा हस्तातरण ।

१८.जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षणगर्न तोकिएको समयावधि

- जिल्ला समन्वय समितिको सवै सूचना हेर्न सकिने व्यवस्था रहेको ।

१९.जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिईएको विवरण

सूचनाको हक सम्वन्धी ऐन २०६४ तथा सूचनाको हकसम्वन्धी नियमावली २०६५ बमोजिम सरोकारवालाहरुवाट मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराईएको ।

२०.जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण

. जिल्ला समन्वय समितिका सवै गतिविधिहरु वेबसाईट समितिको फेसबुक पेज र कार्यालयको सूचनापाटी माफर्त नियमित रुपमा अद्घावधिक गरी सूचना प्रवाह गर्ने गरिएका

भूमिराम पोखरेल
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कपिलवस्तु